# हात्तीपाईले रोग निवारणका लागि आम औषधी सेवन कार्यक्रम२०७५ बारे जानकारी

- **हात्तीपाईले रोग बारे सामान्य जानकारी:**

  हात्तीपाईले रोग मानिसलाई नराम्रो गरी शारीरिक रूपमा ,अशक्त , असमर्थ तथा आपाङ्ग बनाउने एक सरूवा रोग हो। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीले गराउंदछ र यो रोग संक्रमित पोथी लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ। मानिसको शरिरमा यो परजीवी प्रवेश गरेको केही वर्ष पछि मात्र यस रोगका लक्षणहरू देखिने हुन्छ र यस रोगको लक्षण देखिसकेपछि निको पार्न सकिंदैन। हात्तीपाईले रोगबाट बच्न तथा प्रारम्भिक अवस्थामा नै पूर्ण रूपमा निको हुनका लागि यो रोगको जोखिम भएको सम्पुर्ण जिल्लाहरूमा राष्ट्रिय आम औषधी सेवन कार्यक्रम संचालन हुँदै आएको छ।

- **हात्तीपाईले रोगको परजीवी मुक्त हुन के गर्ने ?**

  नेपाल सरकारले रोग प्रभावित जिल्लाहरूमा प्रत्येक वर्ष सञ्चालन गर्ने आम औषधी सेवन कार्यक्रममा सहभागी भई वर्षको एक पटक लगातार ६ वर्ष सम्म हात्तीपाईले रोग विरुद्धको औषधी सेवन गर्ने र अरूलाई पनि गर्न लगाउने।

- **हात्तीपाईले रोगबाट बच्न कस्तो औषधी सेवन गर्ने र यसले के गर्छ ?**

  हात्तीपाईले रोगबाट बच्न दुई थरि औषधीहरू प्रयोग हुन्छन् जुन पूर्ण रूपमा सुरक्षित छन् र यी औषधी दशौँ वर्षदेखि विश्व भरी प्रयोग हुँदै आईरहेका छन्। हालसम्म विश्वभर अरबौं मात्रामा र नेपालमा पटक पटक गरि १० करोड भन्दा बढि मात्रामा यी औषधी खाईसकिएको छ। यी दुई थरि औषधीले हात्तीपाईले रोग लागिसकेकाहरूको उपचार हुनुका साथै रोग लाग्नबाट समेत बचाउंदछ।

- **हात्तीपाईले रोग विरूद्धको औषधी क- कसले सेवन गर्नुपर्दछ ?**

  आम औषधी सेवन कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा बसोबास गर्ने औषधी सेवन गर्न योग्य सबै व्यक्तीले यो औषधी सेवन गर्नुपर्दछ।

- **हात्तीपाईले रोग विरूद्धको औषधी क- कसले सेवन गर्न हुदैन ?**

  दुई वर्ष उमेर नपुगेका बालबालिकाहरू) ,उदाहरणको लागि कुनै कडा रोग गर्भवती र सात दिन सम्मका सुत्केरी तथा सिकिस्त विरामीहरू औषधी सेवन गरिरहेका जस्तै - क्यान्सर ,मुटुरोग ,कलेजो रोगी ,मृगौला रोगी ,फोक्सोको दिर्घ रोगी छारे रोगीहरुरू,२४घण्टा भित्र ज्वरो आएको तथा कडा कुपोषण भएका पाँच वर्ष मुनिका बालबालिकाहरू (ले यो औषधी सेवन गर्नु हुँदैन।

- **हात्तीपाईले रोग विरूद्धको औषधी कसले दिन्छ र सेवन गर्नु कहाँ जानुपर्छ ?**

  आम औषधी सेवन कार्यक्रम लागु भएका बांके लगायत अन्य जिल्लाहरुमा समेत तालिम प्राप्त स्वास्थ्यकर्मीहरुले तपाईको घर नजिकको बुथमा फागुन १५ गते र १६ गते देखि सबै घरभेट नसकेसम्म घरघरमा गै औषधी खुवाइन्छ।

- **हात्तीपाईले रोग विरूद्धको औषधी कहिले खाने त ?**

  आँउदो २०७५ फाल्गुन महिनाको १५ गते देखि। (१५ गते वडाको पायक पर्ने बुथमा त्यसपछि घरभेटमा)

- **हातीपाईले रोग विरूद्धको औषधीको सेवन गर्दा ध्यान दिनुपर्ने केही कुराहरू छन की ?**

  यो औषधी खाली पेटमा खानुहुँदैन। शरीरमा हात्तीपाईले परजीवी भएका व्यक्तीहरूमा हात्तीपाईले विरूद्धको औषधी सेवन गरेपछि सामान्य खालको टाउको दुखाई,वाकवाकी लाग्ने तथा पेट दुख्ने हुन सक्छ। यदि त्यसो भएमा औषधीले प्रभावकारी काम गर्दैछ भन्ने बुझ्नु पर्दछ। ती लक्षणहरू केही घण्टा भित्रमा आफै हराएर जाने हुन्छ। केही गरी ती लक्षणहरू लामो समयसम्म रहिरहेमा नजिकको स्वास्थ्य संस्थामा आवश्यक सल्लाह र उपचारका लागि सम्पर्क गर्नुपर्दछ।

- **आम औषधी सेवन कार्यक्रममा यस वर्ष औषधी खुवाईने जिल्लाहरू :**

  बाँके, बर्दिया,,पाँचथर ,झापा ,धुनकुटा ,मोरङ ,बारा ,लमजुङ ,पर्वत ,बागलुङ ,कपिलवस्तु ,दाङ ,कैलाली कञ्चनपुर र इलामा।

**नेपालगँज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बांके**